प्रति साधारण शेयर रु.१००/- अंकित दरका २,१००,३५० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (दोलखा जिल्लाका गौरिशंकर गाउँपालिका, कालिन्चोक गाउँपालिका र बिगु गाउँपालिका) बासिन्दाहरुको निमित्त निष्काशन गरिएको ।

यूनिभर्सल पावर कम्पनी लिमिटेड
Universal Power Company Ltd.

त्रिपुरेश्वर ११, काठमाण्डौ, नेपाल, टेलिफोन नं. ०१-४२५१४६३/०१-४१०१०९७
इमेलः info@universalpowercompany.np वेबसाइटः www.universalpowercompany.com.np

को

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः	
निष्काशन खुल्ला मिति	: २०७५/०९/१५ गते
निष्काशन बन्द हुने मिति	: २०७५/०९/२९ गते (बैकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: ५० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता	: ५,००,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि ईक्रा नेपाल लि.बाट "ईक्रा एनपि आईपिओ ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेकोछ ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिएको हो ।

विवरण	वास्तविक				प्रक्षेपित		
	आ.ब.०७१/०७२	आ.ब.०७२/०७३	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८
प्रति शेयर आम्दानी (EPS)	(३.४८४)	०.१७२	-	(०.८६)	०.२५२	९.३०३	१०.४६८
प्रति शेयर नेटवर्थ (रु.)	९३.९५८	९९.७९९	१००.००	९९.१४	१००.८३५	११०.१३८	१२०.६०५
खुद नाफा/नोक्सान (रु. हजारमा)	(२,१८७.७०)	१,७४९.०८	-	(९,७६०.७३)	५,२९५.३६	१९५,३८६.०३	२१९,८५५.७०

आयोजना	कुल अनुमानित लागत रकम करोडमा (रु.)	प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि
तल्लो खारे खोला जलविद्युत आयोजना	रु. २०४.६	रु. १८.६०	२९ वर्ष	७.९० वर्ष	१४.५८ वर्ष

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७५/०८/२७, तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७५/०९/०२ ।

१. कम्पनीको नाम :
यूनिभर्सल पावर कम्पनी लिमिटेड (Universal Power Company Ltd.) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५६ साल माघ १७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.मा दर्ता भई मिति २०६७ चैत्र १६ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

४. कारोवार गर्ने मुख्य स्थान :
यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर, काठमाडौं र जलविद्युत उत्पादन केन्द्र दोलखा जिल्लाको साबिक खारे, चंखु र सुरी गा.वि.स.मा रहेको छ । सम्बन्धित निकायबाट स्वीकृति लिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :
कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :
- युनिर्भसल पावर कम्पनी नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०५६/१०/१७ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनी २०६७/१२/१६ गतेका दिन प्राइभेट कम्पनीबाट पब्लिक कम्पनीमा दर्ता भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ ।
- नेपाल सरकार, जलस्रोत मन्त्रालयबाट मिति २०६३/०६/२६ (वि.वि.वि. ०६३/०६४ वि.उ.स.०२३४) मा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त भई, मिति २०६९/०३/१९ मा नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट ८.२६ मे.वा. को विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०६७/०६८ वि.उ. ०६४) प्राप्त भई मिति २०७१/१०/०८ मा ११ मे.वा. को संशोधित विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०४/०३/१८ गते सम्म बहाल रहनेछ ।
- कम्पनीमा संस्थापक शेयरधनीको रुपमा सि.इ.डि.वि हाइड्रो पावर डेभलपमेन्ट कम्पनी लिमिटेड, राधि विद्युत कम्पनी लिमिटेड, खारे इनभेष्टमेण्ट लिमिटेड लगायतका शेयरधनीहरु रहेका छन् ।
- यस कम्पनीले साबिक खारे, चंखु र सुरी गा.वि.स खारे खोलाको पानी उपयोग गरी ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजना निर्माण गर्दैछ ।
- यस आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Disc. Pay Back Period) १४.५८ वर्ष रहेको छ ।
- मिति २०७० असाढ १७ गते बैंक अफ काठमाडौं लिमिटेडको अगुवाईमा ७ वटा बैंकहरुसंग तल्लो खारे खोला आयोजना निर्माण गर्न रु. १३० करोड बैंक ऋण सम्भौता यूनिभर्सल पावर कम्पनी लिमिटेडसँग भएको छ । बैंक अफ काठमाडौं लिमिटेडको अगुवाईमा अन्य बैंकहरुमा माछापुच्छ्रे बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, जनता बैंक लिमिटेड, लक्ष्मी बैंक लिमिटेड, सानीमा बैंक लिमिटेड र कैलाश विकास बैंक लिमिटेड रहेका छन् ।
- यो प्रस्ताव तयार पार्दासम्म (आषाढ मसान्त २०७५) आयोजनाको औसत ४१.७७ प्रतिशत कार्य सम्पन्न भैसकेको छ जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

विवरण	कार्य प्रगती	कार्य सम्पन्न %
१. वित्तीय व्यवस्थापन	सम्पन्न	१००
२. आधारभुत संरचनाहरु		
क) आवास गृह निर्माण	सम्पन्न	१००
ख) पहुच सडक निर्माण	सम्पन्न	१००
ग) विस्तृत ईन्जिनियरीङ्ग डिजाईन	सम्पन्न	१००
३. सिभिल निर्माण कार्य		
क) बाँध, डिसेन्डर तथा गेट संरचनाहरु	निर्माणाधिन	३८.६०
ख) हेडरेस पाईपका संरचनाहरु	निर्माणाधिन	३९
ग) बिद्युत गृह तथा निकास नहर	निर्माणाधिन	३६
घ) स्वीचयार्ड	निर्माणाधिन	
४. हाइड्रो मेकानिकल निर्माण कार्य		
क) हेडवर्क्स (Headworks)	निर्माणाधिन	६८
ख) Water Way	निर्माणाधिन	२९
५. मेशिन तथा अन्य उपकरणहरु		
क) प्रतित पत्र	सम्पन्न	१००
ख) मेशिन तथा अन्य उपकरणहरु आयात, जडान	हुदै	२६.१९
६. प्रसारण लाईन	निर्माणाधिन	१
७. व्यावसायिक उत्पादन	२०७६/०४/०३	

- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजार तथा अन्य उपकरणहरुको पुनस्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ ।
- यस तल्लो खारे खोला जलविद्युत आयोजनाको मिति २०६९/०३/१९ मा नेपाल सरकारबाट ८.२६ मे.वा. को विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भई सो ८.२६ मे.वा. बमोजिम आयोजना विकासका कार्य तथा लागत निर्धारण गरिएको थियो । २.७४ मे.वा. थप गरि ११ मे.वा. को संशोधित विद्युत उत्पादनको अनुमतिपत्र तथा विद्युत खरिद बिक्री सम्भौता समेत भैसकेको छ । यस ११ मे.वा. आयोजनाको Detail Design Review and Construction Supervision को लागि Professional Network for Engineering Services Pvt. Ltd. द्वारा गरिएको Detail Engineering Design कार्य बमोजिम संशोधित लागत २०४.६ करोड पुगेको छ र सो संशोधित लागत यस आयोजनाको Consortium Bank लाई जानकारी गराइ सकेको छ । आयोजनाको अनुमानित लागत रु. २०४.६ करोड र कम्पनीको जारी पूँजी रु. २१० करोड रहेकोमा निष्काशनबाट प्राप्त हुने रकम बैंक कर्जा चुक्ता गर्नको लागि यो जारी पूँजी उपयुक्त हुने देखिन्छ । जम्मा आयोजना लागत २०४.६ करोड र जारी पूँजी २१०.०३ करोड रहेकोमा आयोजना लागत भन्दा बढी देखिएको ५.३ करोड संगठित संस्थाले Working Capital को रुपमा प्रयोग गर्नेछ र यस यूनिभर्सल पावर कम्पनी लिमिटेडको पूँजीको श्रोत तथाउपयोग आ.व. २०७४/०७५ को लेखापरिक्षण भएको वित्तीयविवरणमा उल्लेख गरिएको छ ।
- यस ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजनाको अनुमानित लागत रु. २०४.६ करोड रहेका छ । प्रति मेगावाट उत्पादन लागत रु. १८.६० करोड रहेको छ । अनुमानित लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

S.No.	Particulars	Total Cost (NRs.)
1	Pre-Operating/Project Development	44,139,152.89
2	Civil Construction Work	648,962,842.00
3	Hydro-Mechanical Equipments	370,011,862.50
4	Electro-Mechanical Equipments	345,622,383.09
5	Transmission Line & Interconnection Facilities	73,410,687.92
6	Land Purchase & Development	73,514,345.60
7	Environment Mitigation	11,000,000.00
8	Infrastructures Development	24,555,329.40
9	Office & Camping Facilities	25,728,292.00
10	Engineering & Construction Supervision	129,915,647.40
11	Office Equipment & Vehicles	22,875,115.52
12	Project Insurance & Miscellaneous	32,154,150.00
13	Bank Charge, Fund Charge & Others	59,990,000.00
14	Security & Safty Management Cost	30,000,000.00
15	Protection work after excavation	5,000,000.00
	Total Cost Without Interest During Construction	**1,896,879,808.22**
	Interest During Construction	150,000,000.00
	Total Cost With Interest During Construction	**2,046,879,808.32**

- कम्पनीले निर्माण गर्दै गरेको तल्लो खारे खोला जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६९/१०/२२ गते ८.२६ मे.वा. को विद्युत खरिद बिक्री सम्भौता सम्पन्न भई मिति २०७३/०२/१७ गते २.७४ मे.वा. थप गरि ११ मे.वा को विद्युत खरिद बिक्री सम्भौता पहिलो संशोधन सम्पन्न भएको छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्भौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेक छन् ।
  - क) तल्लो खारे खोला जलविद्युत आयोजनाबाट वार्षिक ६२,७३१,७५१ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि ५१,२०४,५५१ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ११,५२७,२०० किलोवाट घण्टा निर्धारण गरिएको छ ।
  - ख) मिति २०६९/१०/२२ र पहिलो संशोधन मिति २०७३/०२/१७ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद/बिक्री सम्भौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका आठ महिनाको लागि प्रति किलोवाट रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागी प्रति किलोवाट रु.८.४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएको आर्थिक बर्षलाई आधार मानि खरिद दरमा बार्षिक ३% का दरले पाँच पटक साधारण मुल्यबृद्धि दिंदा हुन आउने खरिददर दिइने छ ।
  - ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जाको हकमा विद्युत बिक्री सम्भौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) **विद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने** : विद्युतसँग सम्बन्धित आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसँग अनुमति लिई पूर्व सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन (EIA), Detail Project Report (DPR) समेत गरी विद्युत खरीद सम्भौता सम्मको सेवा दिने ।

(ख) **विद्युत आयोजनाहरु तथा प्रसारण लाइन निर्माण, संचालन तथा हस्तान्तरण गर्ने (BOT)** : नेपाल सरकारसँग अनुमति प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रशसारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्भौता बमोजिम निश्चित समयावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरीदकर्तासँग विद्युत खरीद सम्भौता (PPA) गरी उत्पादित विद्युत बिक्री गर्ने ।

(ग) **विद्युत गृह लिजमा लिने वा खरीद गरी संचालन गर्ने** : हाल संचालनमा रहेका साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरीद गर्ने वा लिजमा लिई संचालन गर्न र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

(घ) **विद्युत गृहको संचालन सम्भार तथा परामर्श सेवा दिने** : संचालनमा रहेका नेपाल सरकार वा निजी क्षेत्रका विद्युत गृहहरुको संचालन तथा सम्भारका आवश्यक प्राविधिक, व्यवस्थापन तथा परामश सेवा दिने ।

(ङ) **विद्युत खरीद वा बिक्री व्यवसाय गर्ने** : विद्युत उत्पादन कर्तासँग विद्युत खरीद गरी विद्युत खपतकर्तालाई विद्युत बिक्री वितरण गर्ने ।

(च) **मेशिन उपकरणहरु बिक्री वितरण गर्ने** : विद्युत उत्पादन केन्द्र तथा सवस्टेशनहरुलाई आवश्यक पर्ने उपकरणहरु आयात गरि बिक्री वितरण गर्ने ।

(छ) विद्युत उत्पादन सम्बन्धि प्राविधिक हस्तान्तरणको निमित्त अनुभवि एवं ख्याती प्राप्त अन्तर्राष्ट्रिय कम्पनीसँग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने बिषयमा सम्भौता गर्ने, विचारको आदान प्रदान गर्ने सभा सेमिनारहरुको आयोजना गर्ने, तलिम प्रशिक्षण संचालन गर्ने तथा देशमा विद्रत शक्तिको विकास गर्नको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने, आवश्यक परे यसका लागि विदेशी विशेषज्ञ बोलाउने वा आवश्यकता अनुसार विषय विशेषज्ञताकने लागि स्वदेशी जनशक्तिलाई विदेशमा तालिम पठाउने ।

(ज) विद्युत उत्पादनमा संलग्न हुन चाहने विदेशी कम्पनीहरुसँग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधि (Local Agent) भई काम गर्ने ।

(झ) यस कम्पनीले अन्य जलविद्युत आयोजना तथा कम्पनीको धितोपत्रमा लगानी गर्ने ।

२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :
कम्पनीको प्रवन्ध-पत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ४६% अर्थात रु. ९६६,१६१,०००/- (अक्षरेपी छ्यानब्बे करोड एक्साठ्ठी लाख एक्साठ्ठी हजार रुपैंया मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु. १००/- को कित्ता ९,६६१,६१० साधारण शेयर सर्वसाधारणहरुको (आयोजना प्रभावित वासिन्दाका लागि छुट्याइएको समेत) निमित्त छुट्याईएको छ । कम्पनीबाट निर्माणका लागि अगाडी सारिएका आयोजनाको विकासका लागि पूँजी संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :
अधिकृत पूँजी: कम्पनीको अधिकृत पूँजी रु. २,२००,०००,०००/- (अक्षरेपी रु. दुई अर्ब बिस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २२,०००,००० (दुई करोड बिस लाख) थान शेयरमा बिभाजन गरिएको छ ।
जारी पूँजी: कम्पनीको जारी पूँजी रु. २,१००,३५०,०००/- (अक्षरेपी रु. दुई अर्ब दश करोड तिन लाख पचास हजार मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २१,००३,५०० (दुई करोड दस लाख तिन हजार पाँच सय मात्र) थान शेयरमा बिभाजन गरिएको छ ।
चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु. १,१३४,१८९,०००/- (अक्षरेपी रु. एक अर्ब तेह्र करोड एकचालिस लाख उन्नानब्बे हजार मात्र) रहेको छ । सर्वसाधारणको लागि छुट्याइएको ९,६६१,६१० कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. २,१००,३५०,०००/- (अक्षरेपी रु. दुई अर्ब दश करोड तिन लाख पचास हजार मात्र) हुनेछ ।

८. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :
कम्पनीको प्रबन्ध-पत्रको दफा ५(ङ) मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

क्र.सं.	शेयरधनीहरु	समूह	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	क	११,३४१,८९०	१,१३४,१८९,०००	५४%	१००
२	उद्योग प्रभावित क्षेत्रका शेयरधनीहरु	ख	२१,००,३५०	२१,००,३५,०००	१०%	-
३	सर्वसाधारण शेयरधनीहरू	ख	७५,६१,२६०	७५,६१,२६,०००	३६%	-
	जम्मा			२,१०,०३,५०,०००	१००%	

नोट: संस्थापक तर्फको शेयर चुक्ता भईसकेको छ भने उद्योग प्रभावित क्षेत्रका शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुलाई बिक्री गरिने शेयर चुक्ता हुन बाँकी रहेको छ ।

९. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :
आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	राधी विद्युत कम्पनी लिमिटेड	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	५,५५,९२६	लागु नहुने	लागु नहुने ।
२	पुष्पेन्द्र भट्टाराई	सचांलक	५४	नेपाली	बिराटनगर-७, मोरङ	१,५२,१६५	आई.ए.	जलविद्युत क्षेत्रमा विगत १६ वर्ष देखि कार्यरत रहेको । • पूर्व अध्यक्ष - युनीभर्सल पावर कम्पनी लि. - २०५९ देखि २०६७ अनुभव (अन्य) • लवकुस ईट्टा उद्योग - प्रवर्धक • जनता निम्न माध्यमिक विद्यालय - अध्यक्ष
३	असोक गौतम	-	३२	नेपाली	लाजिम्पाट, काठमाडौं	३,३०,६००	स्नाकोत्तर	सुचना प्रबिधि सम्बधि ११ वर्षको अनुभव ।
४	सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	४,८५,०००	लागु नहुने	लागु नहुने ।

संचालकहरुको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री अनिल कुमार रुङ्गटा	अध्यक्ष	४५	नेपाली	समरपन मार्ग, काठमाण्डौ	-	एम.बि.ए.	• सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड-अध्यक्ष • दोर्दी खोला जलविद्युत कम्पनी लि.-अध्यक्ष • राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि.-अध्यक्ष • कसुवा खोला हाइड्रोपावर लि.-अध्यक्ष • खारे इन्भेष्टमेन्ट लिमिटेड-अध्यक्ष • लमजुङ्ग विद्युत विकास कम्पनी लि.- संचालक • अन्य - कानून, व्यापार र पेशागत क्षेत्रमा २५ वर्ष भन्दा बढि अनुभव ।
२.	श्री विनय कुमार भण्डारी	प्रबन्ध संचालक	४८	नेपाली	माहालक्ष्मी न.पा.-१०, ललितपुर	-	एम्.एस्सी. (Environmental Mgmt), बी.ई. (इलेक्ट्रीकल)	जलविद्युत क्षेत्रमा विगत २५ वर्ष देखि कार्यरत रहेको । • राधी विद्युत कम्पनीमा ७ वर्ष (२०७४ फाल्गुन) सम्म प्रबन्ध संचालक भई कार्य अनुभव • बुटवल पावर कम्पनी -Business Development Department को Vice President को रुपमा ३ वर्ष, Executive Committee को Secretary को रुपमा २ वर्ष, Distribution Development Consultant को रुपमा १ वर्ष र In-charge Rural Electrification को रुपमा ४ वर्षको कार्यानुभव • Hydropower Project Development Expert -IPPAN • Hydropower Project Development Consultant-साङ्ग्रिला ईनर्जी लि. • Project Development Consultant Energy & Environment Solution Pvt.Ltd. मा को रुपमा कार्यानुभव • Electricity Distribution System Consultant-National Development Management Company • Hydropower & Environmental Specialist - Nepal Water Conversation Foundation मा को रुपमा कार्यानुभव • Energy & Environmental Manager - लमजुङ्ग विद्युत विकास कम्पनीमा ३ वर्षको कार्यानुभव । (अन्य)• Lecturer-Institute of Engineering, Pulchowk मा ७ वर्षको कार्यानुभव ।
३.	श्री पुष्पेन्द्र भट्टराई	संचालक	५४	नेपाली	विराटनगर-६, मोरङ्ग	१,५२,१६५	आई.ए.	जलविद्युत क्षेत्रमा विगत १६ वर्ष देखि कार्यरत रहेको । • पूर्व अध्यक्ष-युनीभर्सल पावर कम्पनी लि.-२०५९ देखि २०६७ । (अन्य) • लवकुस ईट्टा उद्योग-प्रवर्धक भई कार्यरत • जनता निम्न माध्यमिक विद्यालय-अध्यक्ष भई कार्यरत
४.	श्री रमेश प्रसाद नेपाल	संचालक	६७	नेपाली	वानेश्वर हाईट, काठमाडौं	-	परियोजना व्यवस्थापनमा स्नातकोत्तर, वि.ई. मेकानिकल	• संचालक-सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, दोर्दी खोला जलविद्युत कम्पनी लि., राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि. र खारे इन्भेष्टमेन्ट लिमिटेड • २०१२ देखि हालसम्म आइ.एम.सि.आर.ए. मा बरिष्ठ नवीकरणिय उर्जा तथा उर्जा क्षमता सल्लाहकार भई कार्यरत • २००९ देखि २०११ सम्म अन्तराष्ट्रिय अनुसन्धान समुहमा प्रमुख उर्जा क्षमता विशेषज्ञ भई काम गरेको • २००८ देखि २००९ सम्म पि.ए. कन्सल्टीङ समुहमा कन्ट्रि म्यानेजर भई काम गरेको • २००५ देखि २००७ सम्म नेपाल उद्योग वाणिज्य महासंघको वातावरण समितिमा रई काम गरेको • २००० देखि २००५ सम्म डि.ए.एन.आइ.डि.मा उर्जा सल्लाहकार भई काम गरेको • १९९९ देखि २००० सम्म उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमा औद्योगीक उर्जा व्यवस्थापन परियोजना प्रमुख भई काम गरेको । अन्य • १९९५ देखि १९९८ सम्म विश्व बैङ्कमा परियोजना इन्जिनीयर भई काम गरेको • १९९४ देखि १९९५ सम्म यु.एस.ए.आइ.डी. मा बरिष्ठ सल्लाहकार भई काम गरेको • १९९१ देखि १९९३ सम्म कृषी उपकरण लि.मा जेनेरल म्यानेजर भई काम गरेको • १९८१ देखि १९९१ सम्म एन.पि.ओ.मा व्यवसाय विकास तथा तालिम शाखा प्रमुख भई काम गरेको • १९७४ देखि १९७७ तथा १९७९ देखि १९८१ सम्म कृषी उपकरण लि.मा मेकानिकल इन्जिनीयर तथा प्रोडक्सन इन्जिनीयर भई काम गरेको ।
५	श्री उत्तम भ्लोन लामा	संचालक	३४	नेपाली	दुर्गानगर कोलोनी २३, काठमाडौं	-	एम.बि.एस.	• सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड-संचालक • दोर्दी खोला जलविद्युत कम्पनी लि.-संचालक • राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि.-संचालक अन्य • एन.एम.बि. माइक्रोफाइनान्सको अध्यक्ष भई कार्यरत • एडभेन्चर ट्राभल्स एण्ड टुर्सको अध्यक्ष भई कार्यरत • स्टुडेण्ट इन्टर्प्राइजेज प्रा.लि.को अध्यक्ष भई कार्यरत • नेशनल टेलिभिजनमा मार्केटिंग सल्लाहकार भई काम गरेको • कान्तिपुर पब्लिकेशनमा टिम लिडर भई काम गरेको ।

१०. उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१	श्री विनय कुमार भण्डारी	प्रबन्ध संचालक	एम्.एस्सी. (Environmental Mgmt), बि.ई. (इलेक्ट्रीकल)	राधी विद्युत कम्पनीमा ७ वर्ष (२०७४ फाल्गुन) सम्म प्रबन्ध संचालक भई कार्य अनुभव । • बुटवल पावर कम्पनीमा Vice President को रुपमा ३ वर्ष, Executive Committee को Secretary को रुपमा २ वर्ष, Distribution Development Consultant को रुपमा १ वर्ष र In-charge Rural Electrification को रुपमा ४ वर्षको कार्यानुभव • Hydropower Project Development Expert-IPPAN • Hydropower Project Development Consultant-साङ्ग्रिला ईनर्जी लि. • Project Development Consultant- Energy & Environment Solution Pvt. Ltd. • Electricity Distribution System Consultant -National Development Management Company • Hydropower & Environmental Specialist-Nepal Water Conversation Foundation • Energy & Environmental Manager-लमजुङ्ग विद्युत विकास कम्पनी • Lecturer-- Institute of Engineering, Pulchowk
२	श्री अनुप थापा	सहायक प्रबन्धक (Project)	एम.ई. (इलेक्ट्रीकल पावर इन्जिनियरिङ्ग)	• २०१५ देखि हालसम्म युनीभर्सल पावर कम्पनी प्राइभेट लिमिटेडमा सहायक परियोजना प्रवन्धक भई कार्यरत • सन् २०१२ देखि २०१५ सम्म हाइड्रो सोलुसनस प्रा.लि.मा Electricals Engineer भई काम गरेको • २००९ देखि २०१२ सम्म युनीक कम्पनी लि.मा Plant-In-Charge भई काम गरेको अनुभव
३	श्री देव बहादुर श्रेष्ठ	लेखा अधिकृत	वि.वि.एस.	• सन् २०१६ देखि Universal Power Company मा लेखा अधिकृत • Tranquility International Beauty Academy & Spa मा ६ महिना लेखा अधिकृत • सन् २०१४ देखि २०१६ Shree Seti Devi Higher Secondary School मा अध्यापक • सन् २०१० देखि २०१६ Shree Seti Devi Higher Secondary School मा लेखा अधिकृत • सन् २००७ देखि २००९ Ashuma Trading Pvt.Ltd. मा सहायक लेखाको रुपमा कार्यअनुभव ।

संगठित संस्थाका माथि उल्लेखित कर्मचारीहरु अन्य सूचिकृत कम्पनीहरुमा आधारभुत शेयरधनीको रुपमा नरहनु भएको ।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :
कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति गठन गरिएको छ । स्वतन्त्र सञ्चालक नियुक्ति प्रचलित ऐन बमोजिम सञ्चालक समितिबाट हुनेछ

समूह "क" बाट	४ जना
समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट	३ जना
जम्मा	७ जना

१२. सीमित दायित्व सम्बन्धी विवरण :
यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरुले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात

विवरण	वास्तविक आ.व. २०७२/७३
शेयर पूँजी तथा दायित्व	
पूँजी	
शेयर पूँजी	१,०१५,८१४,८००.००
जगेडा तथा संचित नाफा	(२,०४४,३८१.६१)
जम्मा पूँजी	१,०१३,७७०,४१८.३९
गैर चालु दायित्व	-
शेयर वापत अग्रिम रकम	४१,९२६,९१७.७२
जम्मा गैर चालु दायित्व	४१,९२६,९१७.७२
[illegible]	

विवरण	वास्तविक आ.व. २०७३/७४
शेयर पूँजी तथा दायित्व	
पूँजी र जगेडा कोष	
शेयर पूँजी	१,०५०,५१९,८००.००
मध्यम तथा दीर्घकालीन ऋण	-
शेयर वापत अग्रिम रकम	-
कुल जम्मा	१,०५०,५१९,८००.००
सम्पत्ति	
[illegible]	

विवरण	वास्तविक आ.व. २०७४/७५
शेयर पूँजी तथा दायित्व	
पूँजी	
शेयर पूँजी	१,१३४,१८९,०००.००
जगेडा कोष र सञ्चित नाफा	(९,७६०,७३३.८१)
जम्मा पूँजी	१,१२४,४२८,२६६.१९
दायित्व	
गैह चालु दायित्व	
दीर्घकालीन बैंक ऋण	३६९,९२०,३८५.४९
[illegible]	

नाफा-नोक्सान हिसाब

[illegible]

१४. आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

[illegible]

नाफा-नोक्सान हिसाब

[illegible]

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.२०७२/०७३	आ.व.२०७३/०७४	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६	आ.व.२०७६/०७७	आ.व.२०७७/०७८
चुक्ता पूँजी (रु. हजारमा)	१,०१५,८१४.८	१,०५०,५१९.८	१,१३४,१८९.००	२,१००,३५०.००	२,१००,३५०.००	२,१००,३५०.००
जगेडाकोष तथा संचित नाफा (रु. हजारमा)	(२,०४४.३८)	-	(९,७६०.७३)	१७,५३७.३७	२१२,९२३.३९	४३२,७७९.१०
जम्मा (नेटवर्थ)	१,०१३,७७०.४	१,०५०,५१९.८	१,१२४,४२८.२७	२,११७,८८७.३७	२,३१३,२७३.३९	२,५३३,१२९.१०
शेयर संख्या (रु हजारमा)	१०,१५८.१५	१०,५०५.२०	११,३४१.८९	२१,००३.५०	२१,००३.५०	२१,००३.५०
खुद नाफा	१,७४९.०८	-	(९,७६०.७३)	५,२९५.३६	१९५,३८६.०३	२१९,८५५.७०
प्रतिशेयर नेटवर्थ	९९.७९९	१००.००	९९.१४	१००.८३५	११०.१३८	१२०.६०५
प्रति शेयर आम्दानी (EPS)	०.१७२	-	(०.८६)	०.२५२	९.३०३	१०.४६८
नेटवर्थमा औषत प्रतिफल (%)	०.१७	-	०.८७	०.३३	८.९७	९.१३

नोटः माथि उल्लेखित आ.व. २०७४/०७५ को वित्तीय विवरण लेखापरिक्षकबाट लेखापरिक्षण भई साधारण सभाबाट पारित हुन बाँकी वित्तीय विवरण हो ।
विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (०.२३%)
नेटवर्थमा निष्कासन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न आवश्यक न्यूनतम प्रतिफल:(०.८५%)

द्रष्टव्यः कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री बि अर्याल एण्ड एशोशियट्का चार्टड एकाण्टेण्ट श्री भोजन अर्यालले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

सि.नं.	विवरण	आधारहरु
१	ब्यापारीक उत्पादन मिति	२०७६/०४/०३
२	विद्युत बिक्री बापत आम्दानी	ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्भौताका बमोजिम ५ वर्षसम्म ३ प्रतिशतको दरमा बृद्धि
३	प्रशासनिक खर्च (ब्याज र ह्रास बाहेक)	बिक्री आम्दानीको १.९ प्रतिशत
४	रोयल्टी खर्च	प्रति वर्ष प्रति मेगावाट रु. १ लाख र कुल आम्दानीको २ प्रतिशत
५	आयोजना संचालन खर्च	बिक्री आम्दानीको ४ प्रतिशत
६	ब्याज खर्च	आयोजना निर्माणाधिन १२.५ प्रतिशत
		आयोजना संचालन पश्चात १० प्रतिशत
७	ह्रास खर्च	SLM आधारमा ३० बर्षमा परिशोधन गरिएका
८	बोनस खर्च	आयोजना संचालन पश्चात बार्षिक खुद नाफाको २ प्रतिशत
९	अन्य आम्दानी	ब्याज आम्दानी र लगानी गरे बापत प्राप्त हुने आय

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :
१) विद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्भौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न शतप्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ ।
२) विद्युतको ब्यापारीक उत्पादन ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्भौत बमोजिम २०७६/०४/०३ गते भएकोले सो लाई आधार मानी बिक्री आम्दानी आ.व. २०७६/७७ देखी प्रक्षेपण गरिएको छ ।
३) विद्युत बिक्री दर विद्युत खरिद बिक्री सम्भौताका बमोजिम ५ वर्ष सम्म ३% को दरमा बृद्धि गरिएको छ ।
४) प्रक्षेपित गरिएको आ.व.मा नेपाल सरकारलाई तिरिने रोयल्टी प्रति वर्ष प्रति मेगावाट रु. १ लाख र कुल आम्दानीको २% गणना गरिएको छ ।
५) आयोजना संचालन खर्च बिक्री आम्दानीको ४% ले गणना गरिएको छ ।
६) ब्याज खर्च (आयोजना निर्माणाधिन) आ.व. २०७५/७६ मा १२.५% र (आयोजना संचालन पश्चात) आ.व. २०७६/७७ देखी १०% ले गणना गरिएको छ ।
७) ह्रास खर्च SLM आधारमा ३० बर्षमा परिशोधन गरिएको छ ।
८) पूर्व संचालन खर्च आ.व. २०७५/७६ मा पूँजीकरण गरिएको र आ.व. २०७६/७७ अपलेखन गर्ने गरि ५ वर्षमा कट्टा गरिने गणना रहेको छ ।
९) प्रशासनिक खर्च बिक्री आम्दानीको १.९% ले गणना गरिएको छ ।
१०) कम्पनीले आ.व. २०७५/७६ मा सर्वसाधारण छुट्याइएको शेयर निष्काशन गर्ने योजना रहेको छ ।
११) कम्पनीले आ.व. २०७५/७६ अन्त्य सम्म ऋण सम्भौता बमोजिम सम्पूर्ण कर्जा उपभोग गरी १ अर्ब ३० करोड रहने र आ.व. २०७६/७७ मा निष्काशनबाट प्राप्त रकम रु. ९६.६१ करोड कर्जा भुक्तानी गर्ने प्रक्षेपण गरिएको छ ।
१२) व्यापारिक तथा अन्य प्राप्त हुन पर्ने रकम बिक्री आम्दानीको (जेष्ठ र आषाढ) २ महिनाको प्रक्षेपण गरिएको छ ।
१३) आ.व. २०७६/७७ देखि बोनस खर्च बार्षिक खुद नाफाको २ प्रतिशत गणना गरिएको छ ।
१४) आ.व. २०७५/७६ मा प्रशासनिक खर्च बाहेकका आयोना खर्चहरुलाई पूँजीकरण गरिएको छ ।
१५) कम्पनीको विभिन्न बैंकमा रहेको Fixed Deposit बाट प्राप्त हुने ब्याज आम्दानी र लगानी गरे बापत प्राप्त हुने आयलाई अन्य आम्दानीको रुपमा गणना गरिएको छ ।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :
(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : निर्माणाधिन रहेको तल्लो खारे खोला जलविद्युत आयोजनाको लागि बैंक अफ काठमाडौंको सह वित्तीयकरणमा रु.१ अर्ब ३० करोड ऋण सम्झौता भएकोमा बैंक ब्याजदर बढ्न गई परियोजना लगात बढ्न जाने जोखिम रहेको तर संस्थापक शेयरधनीबाट सम्पूर्ण रकम चुक्ता भईसकेको तथा बैंकसँग रु.१ अर्ब ३० करोड ऋण सम्झौता समेत भैसकेको अवस्थामा वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।

[illegible]

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** : जोखिम नरहेको ।
- यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्भौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिस्चितता रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम** : नरहेको ।
(ङ) **विदेशी विनिमयको जोखिम** : हाल यस्तो जोखिम नरहेको ।
(च) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमः** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः** नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(झ) **सञ्चालन इतिहासको अभाव** : यस कम्पनीले आफ्नो कारोवार २०६८।०५।०१ गते देखि सञ्चालन गरेको हुदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब ६ वर्ष रहेको छ ।
(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम** : जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु ।
(ट) **अन्य** : - प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा ।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ ।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यबस्थापनको धारणाः
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यबस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा ब्यबस्थापनको रहेको छ ।
यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएकोछ ।

सि.नं	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमाङ्क रकम (रु.)	बिमा अवधि	बिमा शुल्क(रु.)
१	Civil construction of Waterway	प्रभु इन्स्योरेन्स कम्पनी	२१७,८८६,०७३.०९	जलाई २१, २०१७ देखि जलाई २०, २०२०	१,७०९,८८०.६६
२	Hydromechanical work of Penastock	प्रभु इन्स्योरेन्स कम्पनी	३३९,७७७,९८२.८०	जलाई २१, २०१७ देखि जलाई २०, २०२०	२,४९७,९५६.७१
३	Civil construction of Headworks	प्रुडेनसियल इन्स्योरेन्स कम्पनी	३३,८८०,५४९.९०	जेनवरी २५, २०१७ देखि जेनवरी २४, २०२०	५१७,९३२.०९
४	EAR & Storage of EM equipments	नेसनल इन्स्योरेन्स कम्पनी	२९४,६४७,७९२	अप्रेल ४, २०१८ देखि मार्च ४ ,२०१९	८७६,१११.१९
५	Transit	नेसनल इन्स्योरेन्स कम्पनी	२९४,६४७,७९२	अप्रेल ४, २०१८ देखि नोभेम्बर ३, २०१८	८६५,६८७.८९
६	Civil Construction of Powerhouse	प्रेमियर इन्स्योरेन्स कम्पनी	१७३,३३५,७८३.७१	डिसेम्बर १०, २०१७ देखि डिसेम्बर ९, २०१९	७३३,७३७.२६
७	HM of Headworks	प्रुडेनसियल इन्स्योरेन्स कम्पनी	२९,४२६,०४६.१४	फेबरी ९, २०१८ देखि फेबरी ८, २०२०	१५३,६०८.८६

सवारी साधनको बिमा

सि.नं	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमा अवधि	बिमा शुल्क(रु.)
१	Discover 150 s Motorcycle	नेसनल इन्स्योरेन्स कम्पनी	मे १६ , २०१८ देखि मे १५, २०१९	४,८६२.३९
२	Mahindra Bolero CPR DC 4WD	नेसनल इन्स्योरेन्स कम्पनी	मे १६ , २०१८ देखि मे १५, २०१९	२९,०५७.९५
३	Super Splender DRS Motorcycle	प्रभु इन्स्योरेन्स कम्पनी	फेवरी २२ , २०१८ देखि फेवरी २१ , २०१९	३,६४०.३५
४	Mahindra Scorpio	प्रभु इन्स्योरेन्स कम्पनी	डिसेम्बर २१, २०१७ देखि डिसेम्बर १२, २०१८	३७,९९४.९२

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. सकारात्मक पक्षहरु :
- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (२०८६ सालसम्म) आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको ।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१७. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :
(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रया** : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिने छ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।
१. शेयर बाँडफाँट गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारण लाई जानकारी गराइने छ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः** सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा रोक्का कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाइने छ ।
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयर आवेदनका लागि शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँट पत्र र रकम फिर्ता भुक्तानी पूर्जा दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर** : "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयरको हकमा धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ट्रेजरी बीलको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी** : सर्वसाधारणमा निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिने छ । तथा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयरको हकमा निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा तोकिएको समयावधि भित्र शेयर प्रमाण पत्र वितरण गरिनेछ तथा सर्वसाधारणहरुको हकमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई आवेदकहरुको हितग्राही खातामा बाँडफाड भएको शेयर जम्मा गरिने व्यवस्था मिलाइनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण** : सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण** : यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो वजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज सुचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु
उद्योग प्रभावित क्षेत्र दोलखा जिल्लाका प्रभावित क्षेत्र अर्थात गौरीशंकर गाउँपालिका, कालिन्चोक गाउँपालिका र विगु गाउँपालिका का स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम आवेदन दिन सक्नेछन् ।
१. तोकिएको संकलन केन्द्रबाट दरखास्त फारम प्राप्त गर्न सकिनेछ ।
२. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी उद्योग प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
३. नावालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संरक्षक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
४. विवाह भै आएका महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईसराई गरि आएको हकमा यस विवरणपत्र स्विकृत हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
७. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
८. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :
१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निकाषन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरीदका लागि दरखास्त दिंदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५,००,००० कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :
निष्काशनबाट जम्मा भएको रकम तल्लो खारे खोला जलविद्युत आयोजना निर्माण सम्पन्नको लागि लिइने बैंक कर्जा भुक्तानी गर्ने मुख्य उद्देश्य छ । बैंक अफ काठमाडौंको सह वित्तीयकरणमा कुमारी बैंक लि., लक्ष्मी बैंक लि., माछापुच्छे बैंक लि., जनता बैंक लि., कैलाश विकास बैंक लि. तथा सानिमा बैंक लि.बाट रु. १ अर्ब ३० करोड ऋण सम्झौता भएको छ । आ.व. २०७५ आषाढ मसान्तसम्म रु. ३९८,०७०,३८५.४९ कर्जा उपभोग गरीएको छ । सार्वजनिक शेयर निष्काशनको प्रक्रियाबाट प्राप्त हुने रकम संगठित संस्थाले आ.व. २०७५/०७६ चैत मसान्त सम्ममा प्राप्त गर्ने हुँदा आ.व. २०७५/२०७६ मा बैंक ऋण सम्झौता बमोजिम यस आयोजना विकास कार्यका लागि सम्पूर्ण कर्जा १ अर्ब ३० करोड उपभोग गरिने छ । सार्वजनिक शेयर निष्काशनको प्रक्रियाबाट प्राप्त रकम रु. ९६६,१६१,०००/- बैंकबाट लिएको कर्जा देहाय अनुसार भुक्तानी गरिने छ ।

धितोपत्र निष्काशनबाट प्राप्त हुने रकम (२०७५/२०७६ अन्त्य)	रु. ९६६,१६१,०००/-
बैंक ऋण (२०७५ अषाढ मसान्त)	रु. ३९८,०७०,३५८/४९
बैंक ऋण (२०७५/२०७६ अन्त्य)	रु. १,३००,०००,०००/-
बैंक ऋण भुक्तानी रकम र मिति	रु. ९६६,१६१,०००/ (२०७६/२०७७ पहिलो त्रैमास)

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम,ठेगाना	सम्पर्क ब्यक्ती	फोन नं.	
१	कृषि विकास बैंक लि.,चरिकोट शाखा	सूर्य अधिकारी	९८४२०२८१९२	०४९४२११६६
२	सिटिजन्स् बैंक इन्टरनेशनल लि.,चरिकोट शाखा	खड्ग राज पराजुली	९८५११५५३०२	
३	हिमालयन बैंक लि., गौरिशंखर शाखा	नरेन्द्र राज अवस्थी	९८८०३१८८५०	
४	महालक्ष्मी विकास बैंक लि., चरिकोट शाखा	विश्वास पाण्डे	९८४१६५३३९४	०४९४२१९१६/१७
५	एनआईसी एसिया बैंक लि.,चरिकोट शाखा	चिरञ्जीवी श्रेष्ठ	९८४९०८६६२३	
६	सिद्धार्थ बैंक लि.,चरिकोट शाखा	प्रेम छिरि शेर्पा/राजेन्द्र राज पाण्डे	९८४१५७५९८८३/९८४१९०७७९८	०४९४२११२४
७	सिन्धु विकास बैंक लि., मुडे शाखा	सागर दाहाल	९७५१०६२३४१/९८५१२०१४०१	
८	सिन्धु विकास बैंक लि., चरिकोट शाखा	बिवेक श्रेष्ठ	९८६१२३६०६६	०४९४२१४२१
९	सिन्धु विकास बैंक लि., सिंगटी शाखा	ईश्वर पौडेल	९८४४१४५४२०	०४९४१००३४

	विवरणपत्र पाइने स्थानहरुः
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । वेभसाइट www.siddharthacapital.com
२.	यूनिभर्सल पावर लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ । वेभसाइट www.universalpowercompany.com.np
३.	नेपाल धितोपत्र बोर्ड । वेभसाइट www.sebon.gov.np

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :
यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाडौं	

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै वोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :
यस विवरणपत्र मार्फत प्रथम चरणमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिनको हुनेछ । उक्त अवधिमा उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा ३० दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धमा :
यस विवरणपत्र अनुसार आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) दोलखा जिल्लाका बासिन्दाहरुलाई निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५/०२/२९ गते इक्रा नेपाल लिमिटेडले "[ICRANP] IPO Grade 4" प्रमाणपत्र प्रदान गरेको छ । "[ICRANP] IPO Grade 4" ले औषत भन्दा तल आधारहरु (Below-Average Fundamentals) जनाउँदछ । । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :
निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षाको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाएको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः
गुनासो सुन्ने अधिकारीको नामः सुजनबाबु अधिकारी, इमेलः sujan@siddharthacapital.com, फोन नं.०१-४४२०९२४



धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

सिद्धार्थ क्यापिटल लिमिटेड
Siddhartha Capital Limited
Investing happiness
पो.ब.नं. २१६००, नारायणचौर, नक्साल, काठमाडौं
वेबसाइटः www.siddharthacapital.com, इमेलः scl@siddharthacapital.com